मिति २०७८ फागुन २६ गते दशौं नगरसभाको  प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरुः–

१) कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।

२) आठौं तथा नवौं नगरसभाको समिक्षा गर्ने सम्बन्धमा ।

३) बेरुजु संपरिक्षण गरी फफारक गर्ने सम्बन्धमा ।

४) पेश्की बिवरणको  सम्बन्धमा ।

५) ऐन संसोधन गर्ने  सम्बन्धमा ।

६) सामाजिक परिचालक,स्वास्थ्यका करारका कर्मचारी तथा कम्प्यूटरका कर्मचारी सम्बम्धमा ।

७) दैनिक ज्यालादारीमा रहेका कर्मचारीहरुको सम्बन्धमा ।

८)सडक बोर्डको बजेटबाट मर्मत गरिने सडक छनौट गर्ने सम्बन्धमा ।

९) जलकन्या कृषी कुलो ,भद्रपुर-१ सम्बन्धमा ।

१०)कृषी सेवा भवन,भद्रपुर-१ सम्बन्धमा ।

११) राष्ट्रपति शैक्षिक सुधारका स्विकृत कार्यक्रमको जानकारी सम्बन्धमा ।

१३) विविध

निर्णयहरुः-

१) प्रस्ताव १ माथि छलफल गर्दा नवौं नगरसभा पश्चात भएका निम्नानुसारको बैठक मिति र निर्णय संख्या सहितका सबै कार्यपालिकाका बैठकबाट गरिएको निर्णय अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | बैठक मिति | प्रस्ताव संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८।११।१५ | ४ (चार) | ४ (चार) | विविधमा क र छ  (छ वटा) |
| २ | २०७८।११।२३ | ८(आठ) | आठ | १६ सोर्ह वटा विविध निर्णय |

२) आठौं तथा नवौं नगरसभाको समिक्षा सम्बन्धमा छलफल गर्दा कार्यान्वयन गरिएका महत्वपुर्ण कार्यहरुको समिक्षा निम्न अनुसार गरीयो ।

क. विभिन्न समयमा निर्माण गरिएका र कार्यपालिकाबाट पारित गरिएका कार्यविधिहरु नगरसभाबाट अनुमोदन गरियो

ख. भद्रपुर नगरपालिकाको विधेयक समितिबाट पारित भई कार्यपालिका मार्फत स्वीकृतिका लागि नगरसभामा पेश हुन आएका ५ वटा कानूनहरुलाई पारित गरियो ।

ग. भद्रपुर नगरपालिका कार्यपालिका तथा नगरसभाबाट पारित भएका ६ वटा ऐन तथा कार्यविधिहरुको संशोधन सहित पारित गरियो ।

घ. भद्रपुर वडा नं.७ मा रहेको गार्मेण्टचोकदेखि मन्त्रीचौकसम्म जाने बाटोमा खाल्डा खुल्डी पुर्ने भनी निर्णय भएकोमा उक्त योजनाको बोलपत्र आब्हान भएको ।

ङ. भद्रपुर नगरपालिका वडा नं.५ र वडा नं.७ मेची पारीको नेपालतर्फको भूभागमा बाटोको रेखांकन गर्नका लागि नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायमा पत्राचार गरिएको ।

च. आठौं तथा नवौं नगरसभाका निर्णयहरु कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्न नगरपालिका कार्यालय निर्देशन गर्ने निर्णय गरियो ।

३) बेरुजु संपरिक्षण गरी फफारक गर्ने सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष ०७६/०७७ को महालेखा परिक्षण प्रतिवेदनले औंल्याईएका बेरुजु फर्यौट हुन बाँकी रहेका खर्चहरु नियमन गर्न लेखा समितिको निर्णय गरी सो समितिको निर्णयानुसार कार्यालयबाट फर्यौटको प्रतिवेदन तयार गरी नगर कार्यपालिका बैठकबाट सम्परिक्षणको निर्णय हुन नगरसभाको अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

४) पेश्की बिवरणको सम्बन्धमा छलफल गर्दा ब्यक्ति संस्थाको नाममा रहेका हालसम्मका सम्पूर्ण पेश्की बिबरणको प्रतिवेदन तयार गरी फर्यौट गर्न सम्बन्धित ब्यक्ति तथा संघसंस्थालाई पत्राचार गर्ने र लेखा समितिमा छलफल गरी अन्य प्रकृया अघि बढाउने निर्णय गरियो ।

५) भद्रपुर नगरपालिकाको कर्मचारीहरुको ब्यवस्थापन (सेवा,शर्त,तह,तथा स्तरबृद्धि) गर्न बनेको ऐन २०७८ को दफा २२ को उपदफा (१ख) पछि देहाय अनुसारको उपदफा (१ग) थप गरी संसोधन गर्ने र उक्त संसोधनलाई स्वीकृतिका लागि नगरसभामा पेस गर्ने निर्णय हाललाई स्थगित राख्ने निर्णय गरियो ।

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा १ नं प्रदेश, नेपाल

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

६) सामाजिक परिचालक, स्वास्थ्यका करारका कर्मचारी तथा कम्प्यूटरका कर्मचारीहरुका सम्बन्धमा छलफल गर्दा निम्न अनुसार निर्णय गरीयो ।

क) सामजिक परिचालक- सामजिक परिचालकको सम्बन्धमा छलफल गर्दा मिति २०७४ सालमा सामाजिक परिचालक पदको लागि प्रतिष्पर्धाका आधारमा सेवा करारमा छनौट गर्न लिईएको परिक्षामा उत्तिर्ण भई सेवा करारमा कार्यरत ९ जना सामाजिक पचिालकहरुलाई सहायक स्तर चौथो तहको पद अनुसारको पारिश्रमिक (तलव) मिति २०७८।११।०१ गते देखि लागु हुने गरि उपलब्ध गराउनका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो तथा सामजिक परिचालक पदका लागि प्रतिष्पर्धाका आधारमा सेवा करारमा छनौट गर्न लिईएको परिक्षामा अनुत्तिर्ण भई नगरपालिकामा मासिक ज्यालादारीमा सामाजिक परिचालकको कामाकाज गरिरहेका ५ जना कर्मचारीहरु वडा समितिको कार्यालयमा आवश्यक रहेको देखिएको हुँदा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न र हाल मासिक ज्यालादारीमा सामाजिक परिचालकको कामकाज गरिरहेका उक्त ५ जना कर्मचारीहरुले करारका कर्मचारी सरह कार्यसम्पादन गर्दै आईरहेको विषयलाई मध्यनजर गर्दै मिति २०७८।११।०१ गते देखि लागु हुने गरि कार्यालय सहायकस्तर चौथो तहको पारिश्रमिक (तलब) उपलब्ध गराउनको लागि नगर सभाबाट निर्णय गरियो ।

ख) स्वास्थ्य शाखामा कार्यरत कर्मचारी- नगरपालिकाको स्वास्थ्य शाखामा प्रतिष्पर्धाका आधारमा सेवा करारमा छनौट गर्न लिईएको परिक्षामा उत्तिर्ण भई सेवा करारमा कार्यरत हे.अ., अ.हे.व.,अ.न.मी., स्टार्फ नर्स र आई.टु.सी. सहजकर्ताहरुको पद अनुसारको पारिश्रमिक (तलव) मिति २०७८।११।०१ गते देखि उपलब्ध गराउनको लागि नगर सभाबाट निर्णय गरियो ।

ग) सूचना प्रविधि शाखामा कार्यरत कर्मचारी - सूचना प्रविधि शाखामा सूचना प्रविधि अधिकृतको १ पद रिक्त रहेको, सूचना प्रविधि सहायकमा १ जना मासिक ज्यालादारीमा कार्यरत रहेको, १ जना सहायक स्तर चौथौ तहमा सेवा करारमा कार्यरत रहेको देखिएको हुँदा हाललाई सूचना प्रविधि अधिकृत(छैठौं) को १ पद र सूचना प्रविधि सहायक (पाँचौ) को १ पद गरी जम्मा २ वटा पदमा प्रतिष्पर्धाका आधारमा सेवा करारबाट पदपुर्ति गर्न नगर सभाबाट निर्णय गरियो ।

६. विगत लामो समयदेखि नगर कार्यपालिकाको कार्यालय र वडा समितिको कार्यालयमा अहोरात्र खटिएका दैनिक ज्यालादारीका रुपमा कार्यरत कर्मचारीहरुलाई मासिक ज्यालादारीमा र मासिक ज्यालादारीका कर्मचारीहरुका लागि

नगर प्रमुख

संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि आवश्यक करारको पदहरु पहिचान गरी पद श्रृजना गर्न नगरसभाबाट निर्णय गरियो ।

७) यस आ.व. ०७८।०७९ को सडक मर्मतका लागि सडकबोर्ड नेपालबाट रु ८०,००,०००।०० बजेट बिनियोजित भएको हुँदा सो कार्य गर्नका लागि नगरपालिकाको तर्फ बाट रु.३४,३०,०००।०० गरी जम्मा १,१४,३०,००,०००।०० बाट तपसिलका कालोपत्रे सडकहरु मर्मत संभार गर्ने निर्णय गरियो ।

तपसिल-

| क्र.स. | वडा नं. | वाटोको नाम |
|---|---|---|
| १ | १ र २ | सगरमाथा चोक देखि कमलधाप हुदै कचनकवल सम्मको सिमाना जोडने वाटो । |
| २ | ५ | स्व. पुष्पलाल मेचेको घर अगाडीको वाटो । |
| ३ | ५ | बसपार्क देखि गिरी चोक सम्मको वाटो । |
| ४ | ६ | टेलिकम कार्यालय अगाडीको वाटो । |
| ५ | ६ | संगम चौक दक्षिण एस.एस.निकेतन स्कुल हुदै पशु अस्पताल सम्मजाने वाटो । |
| ६ | ७ | कुल बहादुर श्रेष्ठको घर देखि दक्षिण हुदै रमण पोखरेलको घर सम्मको वाटो । |
| ७ | ७ | गायन्त्रि मन्दिर देखि पशिचम गारमेन्ट चौक सम्मको वाटो । |
| ८ | ८ | गणेश राजभण्डारीको घर अगाडी देखि भद्रशिवा मन्दिर सम्मको वाटो । |
| ९ | १० | चैतुवारी देखि शान्ति चौकसम्मको वाटो । |
| १० | ८ | मेचि बहुमुखि क्याम्पसको मुल गेट अगाडी देखि दक्षिण सुमन तिम्सीनाको घर सम्मका वाटो |
| ११ | ९ | कारागार छेउको वाटो । |
| १२ | ५ | तोयाराज खतिवडाको घर अगाडीको वाटो । |

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

८) जलकन्या कृषी कुलो ,भद्रपुर-१ को निर्माणाधीन योजनाको संरचना बाढीका कारणले क्षति ग्रस्त भएकाले उक्त कृषि कुलो योजना संचालनमा ल्याउनकालागी डि.पि.आर. तयार गरी सिंचाईको व्यवस्थापन मिलाउन जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय ,भद्रपुर र भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

९)कृषी सेवा भवन,भद्रपुर-१ सम्बन्धमा छलफल गर्दा साविक पृथ्वीनगरमा रहेको कृषि सेवा इकाई भवन जिर्ण भइसकेकाले जनधनको क्षति हुनसक्ने भएकोले र सो क्षेत्रमा बालउद्यान तथा खुल्ला ब्यायामशाला निर्माण भइरहेकाले उक्त जिर्ण भवनलाई प्राविधिक मूल्यांकन गरी विस्थापन गर्ने निर्णय गरियो ।

१०) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका सम्बन्धमा छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयद्वारा प्रस्ताव माग भई पेश भएका प्रस्तावहरु मध्ये भद्रपुर नगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिम विद्यालयहरुका योजनाहरु स्वीकृत भएको ब्यहोरा नगरसभामा जानकारी गरियो ।

१. पुहातु जनज्योति मा.बि. भद्रपुर ९ चार कोठे भवन निर्माण रु.३६,००,०००।००

२. जीवन ज्योति आ..बि. भद्रपुर ९ चार कोठे भवन निर्माण रु.३६,००,०००।००

३. जनकल्याण आ..बि. भद्रपुर ४ दुई कोठे भवन निर्माण रु.१८,००,०००।००

४.बीरेन्द्र मा.४.बीरेन्द्र मा..बि. भद्रपुर ७ आई सि.टी ल्याव रु.६,५०,०००।००

५.भृकुटी प्रा.वि.. भद्रपुर ७ आई सि.टी ल्याव रु.६,५०,०००।००

जम्मा रु. १,०३,००,०००।००

११) विविध

क) भद्रपुर नगरपालिकाको संगठन तथा ब्यबस्थापन सर्वे प्रतिवेदन २०७५ सालमा तयार गरिएकोले सो प्रतिवेदनमा अध्यावधिक गर्नु पर्ने आवश्यक देखिएकोले अधिकृत आठौं खेमराज प्रसाईको संयोजकत्वमा सदस्य नेत्रप्रसाद पोखरेल ,सुभाष भट्टराई,प्रादेशिक प्रशिक्षण केन्द्र कलबलगुरी प्रतिनिधि,बिषयगत क्षेत्रको बिज्ञ ब्यक्तिसमेत रहेको

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो । साथै नगरपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको ब्यक्तिगत बिबरण खुलेको प्रतिवेदनसमेत पेश गर्ने निर्णय गरियो ।

ख) भद्रपुर-३ भिमनगरमा खानेपानी संस्थान भद्रपुर कार्यालयद्वारा निर्माण भईरहेको परियोजनाबाट तत्काल खानेपानी पाईपलाईन बिस्तार गरी पानीका धारा संचालनमा ल्याउने ब्यबस्था गर्ने निर्णय गरियो ।

ग) नेपाल खेलकुद महासंघ झापा जिल्ला कार्य समितिलाई रु ५०हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

घ) नगरपालिका कार्यालयबाट हालसम्म एम्बुलेन्स खरिद प्रकृया नटुङ्गिएको बारे छलफल गर्दा सो एम्बुलेन्स खरिद रद्ध गर्ने र सव-बाहन खरिद गरी तत्काल संचालनमा ल्याउने निर्णय गरियो ।

ङ) भद्रपुर-७/१० हुदै काफ्ले टोल जाने ,भद्रपुर-४ को रेडक्रस भवनहुदै वडा समिति कार्यालय जाने सडक खण्डको बाटो र भद्रपुर-५ मा निर्माण भएको शितभण्डार सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्धा बिचाराधिन रहि भुक्तानी प्रकृया रोकिई समस्या भईरहेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ईटहरी स्थित कार्यालयमा एक प्रतिनिधी मण्डल जाने , योजना स्थलमा सार्वजानिक परिक्षणको लागी सर्वदलिय,सर्वपक्षिय भेला आयोजना वडा समितिले संयोजन गर्ने र नगरपालिका प्राबिधिक शाखाको तर्फबाट मुल्यांकन प्रतिवेदनसमेत सो भेलामा छलफल गरी आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

च) भद्रपुर नगरपालिकाका बिभिन्न सडक खण्डमा सार्वजानिक बत्ति जडान हुन नसकेको बारेमा नगरसभामा ध्यानाकर्षण गरिएकोले बत्ति ब्यबस्थापन गर्न कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

छ) आदिवासी सन्थाल तथा राजबंशीको स्टेच्यू तयार गरी नगरपालिका कार्यालय अगाडी राख्न बजेटसमेत बिनियोजन भएको र हल्दिवारी गाँउपालिका वडा नं. मा कालिगढ सुफल मर्डीले तयार पार्नुभएको स्टेच्यू खरिद गर्ने निर्णय गरियो ।

ज) भद्रपुर नगरपालिकाको चार वर्षे प्रगति बिबरण समेटिएको भद्रपुर दर्पण प्रकाशन गर्न गठित समितिको प्रारम्भिक प्रतिवेदन सभामा जानकारी गरियो र छुटेका तथ्यांक समावेश गरी तत्काल प्रकाशन गर्ने निर्णय गरियो ।

झ) सार्वजानिक मर्मत सम्भार शिर्षक( नाला/सडक) मा बिनियोजित बजेट रु.४०,०००००।- रकमबाट सामान्य कार्यालयबाट पेश भई खर्च भएको रकम स्वीकृत गरि बचत रकममध्येबाट तपशिल अनुसारका रकम बाँडफाड गर्ने निर्णय गरियो ।

१) जेष्ठ नागरिक भवन जाने सडक मर्मत रु.५लाख ।

२) कन्चन/कल्याण वस्तिबाट पाठमारी जोडिने सडकको मर्मत संभार गर्न ल.ई. भएको रकम रु.७,२०,०००।- ।

३) सार्वजानिक संघसंस्था,मठमन्दिर ,बिध्यालयहरुलाई सामाग्री खरिद गरी बितरण गर्न रु.१०लाख ।

४) सरस्वति मा.बि.को शौचालय मर्ममत गर्न रु.१,०००००।- ।

ञ) आ.व. २०७८/०७८ को मलेप प्रतिवेदनको आधिकारिक प्रतिवेदन प्राप्त नभएकोले सो प्रतिवेदन लेखा समिति र नगरपालिका कार्यपालिका बैठकबाट निर्णयानुसार छलफल गरी पुनःचालु नगरसभामा पेश गर्ने निर्णय गरियो ।

ट) संस्कृति,पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयसंग प्रस्ताव पेश भई स्विकृत भएको बिज्ञानपार्कको परियोजना बहुवर्षिय योजनाकोरुपमा ठेक्कालागि कार्य संचालनमा रहेको र सो योजनाको लागि प्राप्त हुनुपर्ने बजेट प्राप्त नभएकोले भूक्तानी र निर्माणकार्य अघि बढाउन कठिनाई भएकोले बजेट निकासाकालागि अनुरोध गर्ने निर्णय गरियो ।

ठ) नगर प्रमुख तथा उपप्रमुखले प्रयोग गर्नुभएको सवारीसाधनमा प्रयोग भएको ईन्धनका बिलहरु,नगर प्रमुखद्वारा आदेश भइ संचालन भएका योजनाहरु तथा आर्थिक सहयोग भुक्तानीहरु अनुमोदन गर्ने निर्णय गरियो ।

ड) नगर सभाकालागि प्रस्तावित प्रस्तावहरु उपर दफावर छलफल गरि भएका निर्णयहरु वेबसाईटमार्फत सार्वजानिक गर्ने र चालुसभाको बैठककालागि पुनः कार्यपालिका बैठकबाट प्रस्तावहरु तयार गरि संचालन गर्ने निर्णय समेत गरियो ।

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं प्रदेश, नेपाल